# काठमाडौं महानगरपालिका

## काठमाडौं महानगरपालिका स्मार्ट सहरी प्रविधि प्रतिस्पर्धा कार्यविधि, २०७५

| |
|---|
| कार्यपालिकाबाट स्वीकृत मिति : –२०७५/०४/२८ |

## काठमाडौं महानगरपालिका

## सुन्धारा, काठमाडौं

# **काठमाडौं महानगरपालिका स्मार्ट सहरी प्रविधि प्रतिस्पर्धा कार्यविधि, २०७५**

**प्रस्तावनाः**

नेपालमा व्याप्त बेरोजगारी र त्यसका कारण युवाहरुको विदेश पलायन हुने समस्यालाई समाधान गर्दै नविन सोचको माध्यमबाट प्रविधियुक्त उद्यमशीलता प्रवर्द्धन गर्ने दिशातिर अघि बढ्न तथा नवीनतम ज्ञान, सीप र क्षमता भएका उद्यमीलाई व्यवसाय सञ्चालन गर्न प्रोत्साहन र प्रश्रय दिई प्रविधिमैत्री व्यापारशैली अबलम्बन गर्दै काठमाडौं महानगरपालिकाले स्वदेशमै बसी उद्धमशीलता प्रबर्द्धन गर्न सक्ने सामुहिक प्लेटफर्म विकास गर्ने उदेश्यका साथ आयोजना गर्न लागिएको “हाम्रो काठमाडौं हामी बनाउँछौं” नारा दिइएको “स्मार्ट सहरी प्रविधि प्रतिस्पर्धा - २०७५” को आयोजना गर्न **“काठमाडौं महानगरपालिकाको शहरी योजना आयोग गठन तथा संचालन नियमावली, २०७४”**को नियम २१ बमोजिमकाठमाडौं महानगरपालिका सहरी योजना आयोगले पारित गरी पेश गरेको यो कार्यविधि काठमाडौं महानगरपालिका नगर कार्यपालिकाले स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **“काठमाडौं महानगरपालिका स्मार्ट सहरी प्रविधि प्रतिस्पर्धा कार्यविधि, २०७५”** रहेको छ जसलाई अंग्रेजीमा "Kathmandu Metropolitan Smart Urban Technology Challenge 2075" भनिनेछ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) “प्रमुख” भन्नाले “काठमाडौं महानगरपालिकाको प्रमुख” सम्झनु पर्दछ ।
(ख) “आयोग” भन्नाले “काठमाडौं महानगरपालिका सहरी योजना आयोग” सम्झनु पर्दछ ।
(ग)“नियमावली” भन्नाले “काठमाडौं महानगरपालिकाको शहरी योजना आयोग गठन तथा संचालन नियमावली, २०७४” सम्झनु पर्दछ ।
(घ) “कार्यविधि” भन्नाले **“काठमाडौं महानगरपालिका स्मार्ट सहरी प्रविधि प्रतिस्पर्धा कार्यविधि, २०७५”** सम्झनु पर्दछ ।
(ङ) “कार्यालय” भन्नाले काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।
(च) “सचिवालय” भन्नाले काठमाडौं महानगरपालिका सहरी योजना आयोगको सचिवालय सम्झनु पर्दछ ।
(छ) “आयोजक समिति” भन्नाले कार्यविधिको दफा ६ बमोजिम गठित “आयोजक समिति” सम्झनु पर्दछ ।
(ज) “प्रतिस्पर्धा” भन्नाले **“स्मार्ट सहरी प्रविधि प्रतिस्पर्धा, २०७५”** सम्झनु पर्दछ ।

**३. प्रतिस्पर्धाकाउद्देश्यः**प्रतिस्पर्धाका प्रमुख उदेश्यहरु देहाय बमोजिम हुनेछन्:

(क) काठमाडौंको समस्याहरुको पहिचान गरी तिनलाई निराकरण गर्ने नवीन तथा प्रविधिमैत्री उपायहरुको खोज तथा संकलन गर्ने ।

(ख) नविन प्रविधि, ज्ञान र सीपका माध्यमबाट महानगरको समग्र क्षेत्रको परिवर्तन गरी आधुनिक, सभ्य र सुसंस्कृत महानगर निर्माण गर्ने उपयुक्त प्रविधि भित्राउने ।

(ग) विश्वमा प्रचलनमा रहेका अथवा भविश्यमा नवनिर्माण हुन सक्ने नविन सोचको अन्वेषण गर्ने ।

(घ) काठमाडौ.महानगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरुको कार्यकुशलता तथा प्रभावकारिता अभिबृद्धि गर्ने ।

(ङ) काठमाडौंको सहरी समस्या समाधान गर्न सक्ने प्रविधिमैत्री स्टार्टअप उद्यमशीलतालाई प्रबर्द्धन गर्ने ।

(च) नविन सोचलाई प्रवर्द्धन एवं पोत्साहन गर्दै कार्यान्वयनयोग्य बनाउनका लागि उपयुक्त वातावरण निर्माण गर्नु ।

(छ) महानगरको समग्र शासन प्रणालीमा नविन सोच, क्षमता र दक्षता भएका जनशक्तिको अर्थपूर्ण सहभागीता सुनिश्चित गर्ने ।

**४. प्रतिस्पर्धाका विषयहरुः (१)** प्रतिस्पर्धामा **समुदाय तथा वातावरण, सहरी पूर्वाधार, महानगरीय सामुदायिक सेवा र महानगरपालिकाको सार्वजनिक प्रशासन तथा व्यवस्थापन** गरीमुख्य चार वटा बिषयहरु रहनेछन् जसलाई सम्वन्धित क्षेत्रहरुमा विभाजन गरिनेछ ।

(२) **समुदाय तथा वातावरणः**यस विषय अन्तर्गत देहाय बमोजिमका क्षेत्रहरु समेटिनेछन्:

(क) समुदायबाट गरिने फोहोर मैला व्यबस्थापन तथा वातावरणीय सुधार,

(ख) सामुदायिकविपद व्यबस्थापन तथा दुर्घटना न्यूनीकरण,

(ग) धूलो, धुँवा, नदी प्रदुषण नियन्त्रण,

(घ) सहरी कृषि, कौसी खेती, खाद्य हरित सहरी प्रणाली,

(ङ) धार्मिक, साँस्कृतिक, पुरातात्विक सम्पदा संरक्षण,

(च) सहरी सौन्दर्य प्रवर्द्धन गर्ने अवधारणा,

(छ) दृश्य प्रदुषण नियन्त्रण, होर्डिङ्ग बोर्ड व्यबस्थापन,

(ज) रात्रीकालिन सेवाहरु (खाद्यान्न, औषधी, यातायात लगायत),

(झ) अन्य यस्तै प्रकृतिका विषयहरु ।

**(३) सहरी पूर्वाधारः**विषय अन्तर्गत देहाय बमोजिमका क्षेत्रहरु समेटिनेछन्:

(क) पार्किङ्ग, सार्वजनिक यातायात तथा ट्राफिक व्यबस्थापन,

(ख) सार्वजनिक शौचालय,

(ग) फुटपाथ तथा सडक बत्ती ब्यवस्थापन,

(घ) सार्वजनिक पूर्वाधारहरुको (सडक, ढल, फुटपाथ आदि) मर्मत सम्भार,

(ङ) सार्वजनिक जग्गा, पार्क, खुला क्षेत्र संरक्षण,

(च) वैकल्पिक उर्जा,

(छ) अन्य यस्तै प्रकृतिका विषयहरु ।

(४) **महानगरीय सामुदायिक सेवाः** विषय अन्तर्गत देहाय बमोजिमका क्षेत्रहरु समेटिनेछन्:

(क) सार्वजनिक सुरक्षासँग सम्वन्धित अवधारणा

(ख) सार्वजनिक वस्तुको वितरण प्रणालीमा सुधार ल्याउने र गुणस्तर मापन गर्ने प्रणाली

(ग) आम जनस्वास्थ्य तथा जनसरोकारसँग सम्बन्धित विषयहरु

(घ) सामुदायिक विद्यालयको गुणस्तर सुधार

(ङ) सामुदायिक फार्मेसी

(च) सहरी रोजगारी तथा उद्यमशीलता विकास

(छ) अन्य यस्तै प्रकृतिका विषयहरु ।

(५) **महानगरपालिकाको सार्वजनिक प्रशासन तथा व्यवस्थापनः** विषय अन्तर्गत देहाय बमोजिमका क्षेत्रहरु समेटिनेछन्:

(क) काठमाडौं महानगरपालिकाको सेवा प्रवाहमा सुधार ल्याउने प्रणालीको विकास,

(ख) स्थानीय कर प्रणालीमा सुधार ल्याउने अवधारणा,

(ग) स्थानीय कर (सम्पत्ती कर, बहाल कर, व्यवसाय कर आदि) ब्यबस्थित गर्ने प्रणाली,

(घ) सहरी नक्शा तथा घर ठेगाना प्रणाली (जस्तै GPS Mapping प्रणाली),

(ङ) सहरी सुशासन, पारदर्शिता, विधुतीय शासन तथा खुला डाटा प्रणाली,

(च) गुनासो सुनुवाई प्रणाली, सेवा/नागरिक बडापत्र,

(छ) महानगरपालिका आम्दानी तथा खर्च ट्रयाकिङ्ग प्रणाली,

(ज) सडक सुशासन,

(झ) अन्य यस्तै प्रकृतिका विषयहरु ।

**५. प्रतिस्पर्धाबाट अपेक्षा गरिएका प्रविधिहरुः** (१) प्रतिस्पर्धाबाट **साधारण तर नौला** र **केही जटील तर संभाव्य** गरी दुई किसिमका प्रविधिहरुको अपेक्षा गरिएको छ ।

(२) **साधारण तर नौला:**यस अर्न्तगत सार्वजनिक प्रयोगमा आइरहेका वस्तु वा सेवालाई साधारण परिवर्तन गरी बढी समय सान्दर्भिक तथा प्रयोगकर्तामैत्री बन्न सक्ने साधारण प्रविधियुक्त सोचहरुपर्दछन् ।

(३)**केही जटील तर संभाव्य:**यस अर्न्तगतसूचना तथा सञ्चार, इन्टरनेट, ब्लकचेन आदिको माध्यमबाट समस्या समाधानका नौला उपायहरु जसको कार्यान्वयन मोबाइल एप्लिकेशन, हार्डवेयर सेन्सर, विशाल डाटा(big data), रोबोटिक्स, कृत्तिम बौद्धिकता (Artificial Intelligence)आदि मार्फत हुनेछन् ।

**६. आयोजक समिति रहनेः** (१) प्रतिस्पर्धाको सञ्चालन एवं व्यवस्थापन गर्नका लागि प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको आयोजक समिति रहनेछ ।

(क) प्रमुख — अध्यक्ष

(ख) आयोगका सदस्यहरुबाट प्रमुखले तोकेको १जना सदस्य — सदस्य

(ग) सम्वन्धित क्षेत्रको अनुभव भएको विज्ञहरुमध्येबाट प्रमुखले तोकेका ३ जना व्यक्ति — सदस्य

(घ) सहरी योजना आयोगको सदस्य सचिव — सदस्य-सचिव

(२) आयोजक समितिले प्रतिस्पर्धाको सम्पूर्ण कार्यक्रम प्रक्रियाको निर्धारण गर्ने, प्रतिस्पर्धीहरुको छनौट गर्ने लगायत प्रतिस्पर्धालाई सफल बनाउन काठमाडौं महानगरपालिका तथा प्रतिस्पर्धा सचिवालयलाई आवश्यक निर्देशन दिने तथा आवश्यकता अनुसार निर्णायक मण्डल बनाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्माण गरिएको निर्णायक मण्डललाई आयोजक समितिले समय समयमा आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) आयोजक समितिले आवश्यकता अनुसार कार्यालयका कर्मचारी एवं आयोगका सहायक विज्ञ रहेको कार्यसमिति गठन गर्न सक्नेछ ।

(५) आयोजक समिति र आवश्यकता अनुसारका आमन्त्रित सदस्यहरुलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराईनेछ ।

**७. प्रतिस्पर्धाको प्रक्रियाः (१) प्रतिस्पर्धालाई विभिन्न ६ (छ) चरणहरुमा विभाजन गरी सम्पन्न गरिनेछ ।**

**(१) सहभागिताको लागि आव्हान र सोचको प्रस्तावः** यस चरणमा देहायका क्रियाकलापहरु रहनेछन्:

(क) सोच प्रस्ताव पेश गर्ने अवधी एक महिनाको हुनेछ ।

(ख) सोच प्रस्ताव दुइदेखि पाँच जनासम्मको समूहले मात्र गर्न पाउने छन् ।

(ग) प्रतिस्पर्धामा भाग लिन चाहेको समूहले नियम ४ मा उल्लेखित शीर्षकहरु मध्ये कुनै एक शीर्षक छानेर वेबसाइटमा उल्लेखित निश्चित समय भित्र आफ्नो प्रस्ताव पेश गर्नुपर्नेछ ।

(घ) प्रस्ताव खुला गरिएको दुइ हप्ताभित्र एकबृहत छलफल कार्यक्रमको आयोजना गरिनेछ जहाँ आयोजकहरुले प्रतिस्पर्धा सम्बन्धी सम्पूर्ण जानकारी दिनेछन् र सहभागीहरुको सम्पूर्ण जिज्ञासा र प्रश्नहरुको उत्तर दिनेछन् ।

(ङ) प्रतिस्पर्धीले अनुसूची १ बमोजिमको प्रतिस्पर्धाको रजिस्ट्रेशन फारम र अनुसूची २ बमोजिमको न्यूनतम सम्भाव्य उत्पादन प्रस्ताव भरी पेश गर्नुपर्नेछ ।

**(२) सहभागी समूहहरुको पहिलो चरणको छनौटः**उपदफा (१) बमोजिम प्राप्त सोच प्रस्तावहरु मध्येबाट छनौट मापदण्डको आधारमा पहिलो चरणमा आयोजक समितिबाट बढिमा १००वटा सम्म सहभागी समुहहरु छनौट गरिनेछ। छनौट गरिएको समूहहरुले विषयगत सेमिनारहरुमा भाग लिई आफ्नो सोचलाई अझै परिष्कृत गर्न

पाउनेछन् । तर एउटा समूहबाट एकजना सदस्यले मात्रै यस्ता सेमिनारमा भाग लिन पाउनेछन् ।एउटा समूहले विभिन्न सेमिनारको लागि विभिन्न सदस्य छान्न पाउनेछन् । जस्तै व्यावसायिक योजना (Business Plan) को सेमिनारको लागि व्यावसायिक योजनाको जिम्मा पाएको सदस्यलाई पठाउन पाईनेछ र त्यस्तै गरि समूहले अरु सेमिनारको लागि अर्को सदस्य छानेर पठाउन पाउनेछन् ।

**(३) सेमिनार तथा तालिमः** उपदफा (२) बमोजिम छनौट भएका प्रतिस्पर्धिहरुका लागि ८ वटा विभिन्न तालिम तथा सेमिनारको आयोजना गरिनेछ । यी तालिम तथा सेमिनारले काठमाडौं महानगरपालिकाका नगरवासीले भोगिरहेको दैनिक समस्याहरुलाई उजागर गर्नेछन् ।ती समस्या समाधानको लागि सम्बन्धित विज्ञबाट तालिम दिई समाधानका वस्तु वा सेवाको प्रोटोटाईप बनाउने, व्यवसायिक योजना (Business Plan)बनाउने र ती समाधानका सोचलाई कसरी प्रस्तुत गर्ने भने कुराहरुमा केन्द्रित रहनेछन् । तालिम तथा सेमिनारको विस्तृत विवरण देहाय बमोजिम हुनेछ :

(क) स्मार्ट सहरी प्रविधिः प्रवृत्ति र अभ्यासहरु

(ख) समुदाय र वातावरण सम्बन्धि सेमिनार

(ग) सहरी पूर्वाधार सम्बन्धि सेमिनार

(घ) महानगरीय सामुदायिक सेवा सम्बन्धि सेमिनार

(ङ) महानगरीय प्रशासन र त्यसको प्रभावकारिता सम्बन्धि सेमिनार

(छ)Design Thinking, Start Up, Minimum Viable Product सम्बन्धि तालिम

(ज) व्यावसायिक विकास सम्बन्धि तालिम

(झ)Idea Pitching र प्रस्तुतीकरण सम्बन्धि तालिम

**(४) प्रोटोटाईपको निर्माणगरी प्रस्तुत गर्नुपर्नेः** उपदफा (२) बमोजिम छनौट भएका सहभागीहरुले तालिम र सेमिनार संगै आफ्नो सोचलाई न्यूनतम सम्भाव्य उत्पादन (Minimum Viable Product) को आधारमा एउटा प्रोटोटाईपको निर्माण गरी आयोजक समूह समक्ष पेश गनुपर्नेछ ।

**(५) सहभागी समूहहरुको दोस्रो चरणको छनौटः** उपदफा (४) बमोजिम प्रस्तुत सोँचको न्यूनतम सम्भाव्य उत्पादन तथाछनौट मापदण्ड अनुसार मूल्यांकन गरी दोस्रो चरणमा दफा ४ मा उल्लेख भएकाविभिन्न ४ विषय अर्न्तगतका क्षेत्रहरुबाट प्रत्येक विषयमा ६ वटा समूह रहने गरी २४ प्रतिस्पर्धी समूहहरु छनौट गरिनेछ ।

यसअन्तिम समूहमध्ये ६ समूह छनौट गर्नेछन् । यसरी छनोटमा परेका अन्तिम ६ समूहले फाईनल कार्यक्रममा प्रतिस्पर्धा गर्नेछन् ।

**(६) अन्तिम (फाइनल)कार्यक्रमः** उपदफा (५) बमोजिम छनौट भएका ४ वटा विषयहरु अन्तर्गतका २४ समूहहरुले विषयगत रुपमा आफ्नो परिष्कृत सोँच र उत्पादनलाई निमन्त्रण गरिएको निर्णायक मण्डलका

सदस्यहरु, विज्ञ र दर्शक सामु प्रस्तुत गर्नेछन् । छनोट मापदण्ड अनुसार, निर्णायक मण्डल र विज्ञहरुले विषयगत विजेता तथाविषयगत उपविजेताहरु र मुख्य विजेताको छनोट गरिनेछ।

**८. छनौट मापदण्डः** (१) सबै चरणहरुमा प्रतिस्पर्धीहरुको छनौट गर्दा **विषयको महत्व,उत्पादन,ब्यावसायिक नमूना,विस्तार योग्यता र प्रस्तुति एवं ब्याख्या गरी छुट्टाछुट्टै** पाँच आधारमा मूल्यांकन गरी मूल्यांकनबाट प्राप्त कुल अंक मध्ये सबैभन्दा बढी अंकलाई आधार मानिनेछ ।

**(२) विषयको महत्वः** कूल अंकभार ३०% रहेको यस आधार अन्तर्गत विचार वा अवधारणाहरुले प्रस्तुत गर्ने सम्वन्धित समस्याहरुको समाधानका उपायहरुलाई विशेष महत्व दिईनेछ ।यस अन्तर्गत देहायका पक्षहरुलाई मूल्यांकनका आधार मानिनेछः

(क) प्रस्तावक समूहले समाधान गर्न खोजिरहेको समस्याको महत्व,

(ख) उल्लेखित समस्याको समाधानको लागि प्राविधिकउपायहरुको प्रयोगको आवश्यकता,

(ग) समस्या समाधान गर्दा यस्ता उपायहरुको गुणात्मक र संख्यात्मक प्रभावको अवस्था,

(घ) यस्तो उपायको हाल वा भविष्यमा आइपर्ने अवस्थालाई परिवर्तन गर्ने क्षमता,

(ङ) समस्याको आंशिक समाधान क्षमाता या पूर्ण समाधान क्षमता,

(च) सोँच तथा विधिको नविनता र मौलिकता (यस्तो विधि अन्यत्र अस्तित्वमा रहेको विधि वा पद्धतिको हुवहु नक्कल हुनु हुदैन । पहिलेदेखिनै प्रयोगमा रहेका अवधारणामा आधारित भए पनि स्थानीय आवश्यकता र सन्दर्भ अनुकुल बनाउदा यस्ता विधिहरुमा मौलिकता र नविनता झल्किनु पर्दछ )

**(३) उत्पादनः** कुल अंकभार २०% रहेको यस आधार अन्तर्गत विचार वा अवधारणाहरुले प्रस्तुत गर्ने सम्भाब्य उत्पादन क्षमतालाई विशेष महत्व दिईनेछ । उत्पादनको मूल्याङ्कन देहायका पक्षहरुलाई आधार मानि गरिनेछः

(क) प्रस्तुत गरिएको अवधारणा वा विधि, त्यसको ब्याख्या साथै सम्वन्धित प्रक्रियाहरुको औचित्य पुष्टि गर्न क्षमता,

(ख) प्रस्तावित प्राविधिका प्रारुप तथा प्रणालीहरुसँग समस्याको तादाम्यता,

(ग) प्राविधिक साधनले गर्न सक्ने कार्यहरुको नविनता तथा मौलिकता,

(घ) साधनहरु प्रयोगकर्ता मैत्री र सहजै बुझ्न सकिने पक्ष,

(ङ) प्रस्तावित वा प्रयोगमा भएका यस्ता प्राविधिक साधनहरु स्थानिय स्तरमा रहेको अस्तित्व एवं सहज उपलब्धता ।

**(४) ब्यावसायिक नमूनाः**कूल अंकभार २०% रहेको यस आधार अन्तर्गत विचार वा अवधारणाहरुले नमुना ब्यवसायको निर्माण गर्दै स्वयं जिवित हुन सक्ने सम्भावनाको पक्षलाई विशेष महत्व दिईनेछ । ब्यावसायिक नमूनाको मूल्याङ्कन देहायका पक्षहरुलाई आधार मानि गरिनेछः

(क) यस्ता विधि वा अवधारणाहरुले प्रयोगकर्ताहरुलाई प्रदान गर्ने लाभ,

(ख) यस्ता विधि वा अवधारणाहरुले गर्ने अवसरको सदुपयोग र बजारका आवश्यकताहरुको सम्बोधन क्षमता,

(ग) वर्तमान तथा भविष्यका राजनैतिक, आर्थिक, सामाजिक, प्राविधिक, कानुनी तथा वातावरणीय तत्वहरु यस्ता विधिहरुको लागि कत्तिको सहयोगी हुन्छन्,

(घ) यस्ता अवधारणाले सम्भावित बजारलाई प्रभाव पार्नुका साथै भविष्यमा वृद्धि हुदै जाने सम्भाव्यता,

(ङ) यस्ता अवधारणाहरुको आय आर्जन गर्न सक्ने सम्भावना,

(च) अवधारणाको दिगोपनाको लागि प्रस्तुत योजना ।

**(५) विस्तारयोग्यताः** कुल अंकभार २०% रहेको यस आधार अन्तर्गत विचार वा अवधारणाहरुले आवश्यक तथा मौलिक समाधानका उपायहरुको उपलब्ध गराउदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै स्तरमा यसको विस्तार गर्न सक्ने संभावनाको पक्षलाई विषेश महत्व दिईनेछ । विस्तार योग्यताकोमूल्याङ्कन देहायका पक्षहरुलाई आधार मानि गरिनेछः

(क) स्थापना भएको ठाउँ भन्दा अन्यत्र पनि विस्तार गर्न सक्ने सम्भावना र क्षमता,

(ख) अन्तर्राष्ट्रिय स्तरमा(अन्य देश, क्षेत्र आदि) सोचको विस्तार योग्यता वा क्षमताको मापन,

**(६) प्रस्तुति र ब्याख्याः** कुल अंकभार १०% रहेको यस आधार अन्तर्गत विचार वा अवधारणाका प्रतिस्पर्धीको प्रस्तुति र ब्याख्या गर्ने शिप, क्षमता, दक्षता र स्पष्टताको पक्षलाई विषेश महत्व दिईनेछ । प्रस्तुति र ब्याख्याको मूल्याङ्कन देहायका पक्षहरुलाई आधार मानि गरिनेछः

(क) समग्रमा अवधारणाको प्रस्तुति,

(ख) अवधारणा तथा उत्पादन बुझाउनको लागि गरिएको ब्याख्याको स्पष्टता,

(ग) प्रस्तुतिकरणको विषय वस्तुगत तादाम्यता,

(घ) सहायक सामाग्रीहरुको प्रस्तुती तथा सान्दर्भिकता ।

९. **सहभागिताको न्यूनतम योग्यताः** देहायका योग्यता भएका प्रतिस्पर्धीहरुले मात्र यस प्रतिस्पर्धामा सहभागी हुन पाउनेछन्:

(क)यस प्रतिस्पर्धामा भाग लिन कम्तिमा दुई जना सदस्यको समूह हुनुपर्दछ ।

(ख)समूहहरु काम गरिरहेको कम्पनी, इन हाउस उत्पादन, स्टार्टअप कम्पनी, विद्यार्थीहरुको समूह, स्वतन्त्रकर्मी (freelancer), अन्य अनौपचारिक समूह आदि हुन सक्नेछन् ।

(ग) सोच, अवधारणा वा उत्पादनको कार्य शुरु गरि सकेको भए जुनसुकै अबस्थामा पनि प्रस्ताव बुझाउन पाईनेछ ।

तर त्यस्ता सोच, उत्पादन र अवधारणाको सोच अवधारणा चरण, योजना निर्माण चरण, योजना विकास चरण वा कार्यन्वयन चरण गरि दुई वर्षभन्दा बढी संचालन भईसकेको हुनुहुँदैन ।

(घ) सहभागिहरुले पेश गरेको सोच, अवधारणा वा उत्पादन नविन, रचनात्मक र नौलो हुनुपर्नेछ ।

(ङ) सहभागिहरुले बुझाएको सोचहरुमा प्रविधिको प्रयोग अनिवार्य रुपमा हुनुपर्नेछ ।

(च) बौद्धिक सम्पत्ति उल्लङ्घन वा तत्सम्बन्धी अन्य कानुनी जटीलताको जिम्मेवारी सहभागी समूह स्वयम् हुनेछन् ।

(छ) स्वदेश वा विदेशमा रहेको सम्पूर्ण नेपाली नागरिकहरु सहभागि हुन पाउनेछन् ।

**१०. पुरस्कार सम्वन्धी व्यवस्थाः** यस प्रतिस्पार्धामा पुरस्कार सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) विषयगत विजेताः- समुदायतथा वातावरण - रु २,००,०००

(ख) विषयगत विजेताः- सहरी पूर्वाधार - रु २,००,०००

(ग) विषयगत विजेताः- महानगरीय सामुदायिक सेवा - रु २,००,०००

(घ) विषयगत विजेताः- महानगरीय सार्वजनिक प्रशासन तथा ब्यवस्थापन - रु २,००,०००

(ङ) विषयगत उपविजेताः- समुदाय र वातावरण - रु १,००,०००

(च) विषयगत उपविजेताः- सहरी पूर्वाधार - रु १,००,०००

(छ) विषयगत उपविजेताः- महानगरीय सामुदायिक सेवा - रु १,००,०००

(ज) विषयगत उपविजेताः- महानगरीय सार्वजनिक प्रशासन तथा ब्यवस्थापन- रु १,००,०००

(झ) च्यालेन्ज विजेता (समूहगत विजेता मध्ये एक) - रु ५,००,०००

**११. कार्यक्रम बजेटः** यस प्रतिस्पर्धाको कार्यक्रम बजेट अनुसूची ३ बमोजिम हुनेछ ।

**१२. अन्य संघ संस्था तथा निकायसँग सहकार्य गर्न सकिनेः** यस प्रतिस्पर्धालाई सफल बनाउनका लागि योगदान गर्न चाहने सरकारी, गैरसरकारी तथा निजी संघ संस्था तथा कम्पनीसँग आयोजक समितिले उनिहरुको योगदान उल्लेख गरी सहकार्य गर्न सक्नेछ । यसरी गरिएको सहकार्य आयोगबाट अनुमोदन गराउनुपर्नेछ ।

**१३. प्रतिस्पर्धाबाट विकशित सोचको प्रयोगः** (१) यस प्रतिस्पर्धाबाट विकास हुने नविन सोच एवं प्रोटोटाईपहरुलाई अर्न्तराष्ट्रिय अभ्यासअनुरुप प्रतिस्पर्धाको Website मार्फत सार्वजनीकरण र Open Source गरिनेछन् ।

(२) काठमाडौं महानगरपालिकाले प्रतिस्पर्धाबाट विकसित सोच एवं प्रोटोटाईपहरु आफ्नै लगानिमा प्रयोग गर्न चाहेमा प्रयोग गर्न स्वतन्त्र हुनेछ ।

तर विकसित सोच एवं प्रोटोटाईपहरु सार्वजनिक निजी साझेदारी वा यस्तै कुनै विधिबाट लागू गर्ने अवस्थामा सम्बन्धित अन्वेषकहरुसँग सहकार्य गरी कार्यान्वयन गर्नुपर्नेछ ।

**१४. बाधा अड्काउः** यस कार्यविधिको प्रयोगका सन्दर्भमा कुनै बाधा परेमा काठमाडौं महानगरपालिका सहरी योजना आयोगले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १

## रजिस्ट्रेशन फारम (अवधारणा रजिस्ट्रेशनको लागि)

१) समूहको नाम

२) समूहको प्रमुखव्यक्ति

३) समूहको सदस्यहरु ।

४) कृपया एक वाक्यमाआफ्नो सोचको वर्णन गर्नुहोस् ।

५) तपाईले प्रस्तुतगर्नु भएको समाधानको साधनले कुन समस्यालाई समाधान गर्छ? वर्णन गर्नुहोस् ।

६) तपाईले प्रस्तुतगर्नु भएको साधनले त्यसको प्रयोगकर्तालाई कसरी लाभप्रधान गर्छ?

७) तपाईको साधन र उत्पादनको प्रयोगकर्ताको हुन ? लेख्नुहोस् ।

८) तपाईले पेशगर्नुभएको साधनर उत्पादनको मुख्यमुख्यविशेषताहरु के के हुन् ?

९) तपाईले पेशगर्नुभएको सोच ४ वटा शीर्षकमध्ये कुनशीर्षकमा पर्छ? लेख्नुहोस्

१०) कुन र कस्तो प्रविधिको प्रयोग गर्नुहुन्छ? लेख्नुहोस् ।

११) कैफियतर टिप्पणी ।

*दष्टब्य*

*(क) समूहले मात्र अवधारणाको प्रस्ताव पेश गर्न पाउनेछन् ।*

*(ख) समूहले समुदाय तथा वातावरण, सहरी पूर्वाधार, महानगरीय सामुदायिक सेवा, महानगरीय प्रशासन प्रभावकरितागरि चार शीर्षकभित्र तोकिएको समयभित्र आफ्नो अवधारणा राख्नुपर्नेछ ।*

*(ग) प्रस्ताव पेश गर्ने अन्तिम मितिभन्दा करिब १५ दिन अगाडि एक छलफल कार्यक्रमको आयोजनागरिने छ जहाँआयोजकहरुले प्रतिस्पर्धा सम्बन्धि सम्पूर्ण जानकारी दिनेछन् र सहभागीहरुको सम्पूर्ण जिज्ञासा र प्रश्नहरुको उत्तर दिनेछन् । .*

## अनुसूची २
## न्यूनतम सम्भाव्य उत्पादन (Minimum Viable Product)प्रस्ताव

**क)** **उत्पादन**

१) तपाईको वस्तु वा एपको कुन चरणमा छ ? वर्णन गर्नुहोस् ।

२) तपाईको वस्तु वा एपको सम्पूर्ण विशेषताको वर्णन गर्नुहोस् ।

३) तपाईको वस्तु वा एपको प्राविधिक डिजाईन र ढाँचाको वर्णन गर्नुहोस् ।

४) तपाईको वस्तु वा एपको नौलो र रचनात्मकविशेषताहरु के के छन् लेख्नुहोस् ।

५) तपाईको एपको प्रयोगकर्तालाई त्यसको सहजप्रयोग र उपयुक्तता कसरी निश्चित गर्नुहुन्छ ?

६) यदितपाईको वस्तु वा एप मोबाइल प्रविधि बाहेक अन्य प्राविधिक विषयहरु समेटिएको छ भने त्यसको वर्णनगर्नुहोस् ।

७) तपाईले आफुले बनाएको वस्तु वा एपले ठूलो संख्याको प्रयोगकर्ताको आवश्यकतालाई कसरी पूरा गर्नुहुन्छ ?

८) के तपाईको वस्तु वा एप अहिले प्रयोगमा आइरहेकोसँग मिल्छ? मिल्छ भने, त्यसको वर्णन गर्नुहोस् ।

९) तपाईको वस्तु वा एपको सम्बन्धित फाईलहरु अप्लोड गर्नुहोस्

**ख)** **व्यावसायिक मोडल**

१) तपाईले यस उत्पादन मार्फत कस्तो अवसर लिन चाहनुहुन्छ ?

२) बजार तथा वाह्य वातावरणले तपाइको व्यावसायिक मोडललाई कसरी सहयोग गर्छ ?

३) बजारको आकार तथा बृद्धिका अवसरहरु

४) हालको प्रतिस्पर्धा वा भविष्यमा सम्भावितप्रतिस्पर्धा

५) वस्तु वा सेवाको मूल्य

६) Target market variables

७) तपाईको व्यवसायको भिजन र मिसन

८) तपाईको सोच र व्यावसायिकमोडलको SWOT Analysis

९) बजार योजना

१०) आम्दानीको ढाँचा

११) लागतको ढाँचा

१२) तपाईले आफ्नो ग्राहकसँग दिगो र राम्रो सम्बन्ध स्थापितगर्न के गर्नु हुन्छ?

१३) दिगोपना

**ग)** **संचालन योजना**

१)	तपाईले आफ्नो वस्तु वा सेवा (एप) को प्रयोग कहाँगर्ने सोच्नु भएको छ ?

२)	तपाईको एपकाठमाडौं बाहेक अन्यकुनकुन स्थानमा पुऱ्याउँन सकिन्छ?

३)	तपाईको व्यवसायको मुख्यमुख्यप्रक्रियार गतिविधिहरु के के हुन् लेख्नुहोस् ।

४)	तपाईको  एपलाई विस्तारिकरण गर्न लाग्ने समय तालिकाको वर्णन गर्नुहोस् ।

५)	तपाईको व्यवसायको संरचना र सबै सदस्यको कामको जिम्मेवारी लेख्नुहोस् ।

६)	बजारको प्रतिक्रियालिन र आफ्नो व्यावसायिकमोडललाई अझै परिष्कृत गर्न तपाईले कस्तो रणनीति अपनाउनु हुन्छ? लेख्नुहोस् ।

**अन्यजानकारी**

१)	वेबसाईटको लिंक

२)	एपको लिंक

३)	एप भिडियोको लिंक

## अनुसूची ३

## कार्यक्रमको बजेट

**आर्थिक बर्ष २०७५।०७६ को शहरी योजना आयोगको क्र.सं.२ को Smart Technology Competition को व्यवस्था बमोजिम खर्च गर्ने गरी ।**

**लेखा संकेत: ८६०८०१**

| क्र.सं. | विवरण | संख्या | एकाई | दर | रकम | खर्च भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|---|---|
| **१** | **पुरस्कार रकम** | | | | **१७,००,०००** | |
| १.१ | मुख्य विजेता | १ | समूह | ५००,००० | ५००,००० | समारोहको दिन सिधै वितरण गरिने |
| १.२ | विषयगत विजेता | ४ | समूह | २००,००० | ८००,००० | समारोहको दिन सिधै वितरण गरिने |
| १.३ | विषयगत उपविजेता | ४ | समूह | १००,००० | ४००,००० | समारोहको दिन सिधै वितरण गरिने |
| **२** | **कार्यक्रमको ब्राण्डिंग तथा प्रचारप्रसार** | | | | **४,००,०००** | |
| २.१ | कार्यक्रम ब्राण्डिंग सामाग्री (स्टेशनरी, टीसर्ट, झोला प्रचार प्रसार सामाग्री (होर्डिग बोर्ड, ब्याकडप, स्ट्याण्डी आदि) | | | | ३००,००० | काठमाडौं महानगरपालिकाको सूचिकृत आपूर्तिकर्ताबाट लिइने |
| २.२ | विज्ञापन (पत्रिका, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल) | | | | १००,००० | सूचिकृत विज्ञापन एजेन्सी मार्फत |
| **३** | **सेमिनार तथा तालिम खर्च** | | | | **६,२५,०००** | |
| ३.१ | प्रशिक्षकलाई भत्ता | ५० | कक्षा (९० मिनेट) | ४५०० | २२५,००० | काठमाडौं महानगरपालिकाको तालिम तथा गोष्ठी कार्यविधि अनुसार |
| ३.१ | सेमिनार तथा तालिम व्यवस्थापन खर्च (चिया खाजा समेत) | | | | ४००,००० | आवश्यकता अनुसार कार्यक्रम अवधिभर खर्च गरिने । |
| **४** | **अन्तिम प्रतिस्पर्धा कार्यक्रम** | | | | **१३,५०,०००** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.१ | स्टेज सजावट | १ | पटक | | १५०,००० | काठमाडौं महानगरपालिकाको सूचिकृत आपूर्तिकर्ताबाट गराइने |
| ४.२ | मोमेन्टो तथा प्रमाणपत्र निर्माण | | | | १००,००० | काठमाडौं महानगरपालिकाको सूचिकृत आपूर्तिकर्ताबाट लिइने |
| ४.३ | फोटो तथा भिडियोग्राफी | | | | २००,००० | काठमाडौं महानगरपालिकाको सूचिकृत आपूर्तिकर्ताबाट लिइने |
| ४.४ | रात्रीभोज | १ | पटक | | ९००,००० | अन्तिम समारोहको दिन खरिद कानून बमोजिम । |
| **५ कार्यक्रम तयारी तथा संयोजन** | | | | | **७,२५,०००** | |
| ५.१ | वेबसाइट निर्माण तथा संचालन, कार्यक्रम व्यवस्थापन तथा प्राविधिक सहकार्य | ५ | महिना | | ५००,००० | काठमाडौं महानगरपालिकाको सूचिकृत आपूर्तिकर्ताबाट लिइने |
| ५.२ | बैठक भत्ता | | | | २७५,००० | काठमाडौं महानगरपालिकाको नियमानुसार |
| **६ विविध खर्च** | | | | | १५०,००० | **आवश्यकता अनुसार कार्यक्रम अवधिभर खर्च गरिने ।** |
| | | | | **जम्मा** | ५,०००,००० | |